नौगाड गाउँपालिका
Naugad Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
होपरीगाड, दार्चुला
Hoparigad, Darchula

सुदूरपश्चिम प्रदेश, नेपाल
Sudurpashchim Province, Nepa

पत्र संख्या / Ref. No.:- २०८०/०८१
चलानी नम्बर / Dispatch No.:- ९८९४

मिति/Date:- २०८१/०३/१४
नेपाल सम्बत: ११४४ तछलागा सप्तमी शुक्रबार

## हार्दिक अपील

आदरणीय नौगाड वासी जनसमुदायहरु

नौगाड गाउँपालिका मनसूनजन्य विपदग्रस्त गाउँपालिका हो । यस गाउँपालिकाको कुनै न कुनै भूगोलमा हरेक वर्ष अतिवृष्टि भई बाढी पहिरो जाने र ठूलो धनजन तथा भौतिक संरचनाको क्षति हुने गरेको कुरा सर्वविदितै छ । हिउँद याममा प्राय: सुख्खा हुने सयौं खोलाहरु वर्षायाममा आवतजावत गर्नै नसकिने गरी भरिन्छन । गाउँपालिकाको १ नं. वडा बाहेक ५ वटै वडाहरुमा सडक यातायातले छोएको भए पनि हरेक वर्ष वर्षातमा २, ३ र ४ नं. वडा सम्म जाने बाटोहरु सडक पूलको अभावमा बन्द हुने गर्दछन । बन्द भएका ती सडकहरु कार्तिक लागेपछि मात्र खुल्ने भएका कारण अहिले नै आवश्यक मात्रामा खाद्यान्न र अन्य सामग्रीहरु समयमै भण्डारण गर्दा जनजीवनमा सहजता आउने छ । गाउँपालिकामा अध्यक्षको अध्यक्षतामा गाउँपालिका स्तरीय र वडामा वडा अध्यक्षको अध्यक्षतमा वडा स्तरीय विपद व्यवस्थापन समितिहरु क्रियासिल हुँदा विपदजन्य घटना घट्ने बित्तिकै सो समितिलाई जानकारी गराई वर्षायाममा आउने मनसूनजन्य विपदवाट जोगिन वाढी पहिरोको जोखिम भएका घर बस्तीहरुबाट सुरक्षित स्थानमा सर्न समेत अनुरोध छ । यदि कुनै स्थानमा विपद आईहाल्यो भने खोज तथा उद्धारको लागि सम्बन्धित निकायमा समयमै खबर गर्न पनि अनुरोध गर्दछु । गाउँपालिकाको विपद शाखा, वडा स्तरका विपद व्यवस्थापन समितिहरु, सुरक्षा चौकीका प्रहरी कर्मचारीहरु, राजनीतिक दलका नेता तथा कार्यकर्ताहरु, सम्पूर्ण राष्ट्रसेवक (शिक्षक कर्मचारी) हरुलाई विपदको समयमा खोज, उद्दार र राहत कार्यमा सहयोग गरी आफ्नो जिम्मेवारी पूरा गर्न पनि अनुरोध गर्दछुँ । आफ्नो आसपासमा विपद आएको जानकारी पाउनासाथ खोज उद्दारमा सहयोग गर्न सवै समुदायका नागरिकलाई अपील गर्दछु । हरेक वडामा स्वयम् सेवक दल पनि गठन भएकाले गाउँपालिकाको कुनै स्थानमा विपद आउनासाथ उक्त स्थानमा पुगेर खोज उद्दारमा सहयोग गर्न पनि अनुरोध छ । विपदमा घाईते भएकाहरुलाई प्राथमिक उपचारको लागि तयारी अवस्थामा रहन यस गाउँपालिका भित्र कार्यरत सम्पूर्ण स्वास्थ्य कर्मिहरुलाई निर्देशित गर्दछु । साथै विपदको समयमा छिटो भन्दा छिटो खोजउद्दार र राहतको लागि तपसिल वमोजिमका नम्बरमा सम्पर्क गर्नु हुन सूचित गर्दछु ।

तपसिल:

| क्र.सं. | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|
| १ | दलजीत सिंह धामी | ९८६८८९६२६९ | गाउँपालिका अध्यक्ष |
| २ | यज्ञ राज जोशी | ९८५८७२७७७७ | प्रमुख जिल्ला अधिकारी |
| ३ | शिव बहादुर सिंह | ९८५८७२५५५५ | डि.एस.पी. (जिल्ला प्रहरी प्रमुख) |
| ४ | जगत सिंह ठगुन्ना | ९८५११२२७०३ | गाउँपालिका उपाध्यक्ष |
| ५ | पुष्कर सिह धामी | ९८५८७८४५८४ | प्रमुख प्रशासकीय अधिकृत, नौगाड गा.पा. |
| ६ | हरिलाल सिह महता | ९८४९७४३९२६ | १ नं. वडा अध्यक्ष |
| ७ | नारायण सिह ठगुन्ना | ९८६८७१९२३८ | २ नं. वडा अध्यक्ष |
| ८ | राई सिह ठगुन्ना | ९८४३४१६७०९ | ३ नं. वडा अध्यक्ष |
| ९ | कृष्ण सिह धामी | ९८६८४९०४३८ | ४ नं. वडा अध्यक्ष |
| १० | राम सिह धामी | ९८६८७२३९३६ | ५ नं. वडा अध्यक्ष |
| ११ | राजेन्द्र सिह वोहरा | ९८६८८२६३२३ | ६ नं. वडा अध्यक्ष |
| १२ | डम्मर राज जोशी | ९८४८४६३२४२ | सई प्रहरी चौकी होपरीगाड |
| १३ | नरेश दत्त पन्त | ९८४८७८९३७० | असई प्रहरी चौकी सिप्टी |
| १४ | लोकेन्द्र वहादुर विष्ट | ९८४८६६३३१२ | असई प्रहरी चौकि दल्लेक |
| १५ | दिपेन्द्र भट्ट | ९८४८८४९०८८ | वरिष्ट हवल्दार प्रहरी पोष्ट धुलिगडा |
| १६ | नरेन्द्र सिह जुहारी | ९८४८८४०५३७ | विपद व्यवस्थापन शाखा प्रमुख, नौगाड गा.पा. |

(दलजीत सिंह धामी)
अध्यक्ष